"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८३।०८४

चलानी नं. :-

मिति :-

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल

### नदीजन्य पदार्थको बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३।०५।२६)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र , आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र, ठेक्का कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | बगर तथा नदी क्षेत्र | उत्खनन् हुने अधिकतम परिमाण (घन मिटर) | | न्युनतम कबोल रकम (कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | BRM/PAR/SQ/GGB/04/083/84 | गोलाङघाट बगर वडा न ६ | ५२४० | | १४,७८,९३७.६० | १०००/- |
| २ | BRM/PAR/SQ/CGB/05/083/84 | छ्यांग बगर वडा नं. ३ | ११२० | | ३,१६,१०८.८० | १०००/- |

**शर्तहरु:**

१. दरभाउपत्र फारम खरिद गर्न विहादी गाउँपालिकाको प्रभु बैंक विहादी शाखामा रहेको खाता नं. GA 1.1 BIHADI GA PA ANTRIK RAJASHWO KHATA 1460114984600041 मा दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर फिर्ता नहुने गरि पेश गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. ठेक्का नं. अनुसारको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र ८ औ दिनको दिउसो १२:०० बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।यदी ८ औ दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिनको दिउसो १२:०० बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ । सोही दिनको दिउसो २:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्र साथ आफुले कवोल गरेको रकमको कम्तिमा ५ प्रतिशत धरौटी रकम विहादी गाउँपालिकाको प्रभू बैंक विहादी शाखामा रहेको GA 3 BIHADI GA PA DHARAUTI KHATA , 1460114984600021 मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ वा राष्ट्र बैंकबाट क श्रेणीको मान्यता प्राप्त बैंकको कम्तिमा ७५ दिन म्याद रहेको बैंक ग्यारेन्टि पेश गर्नुपर्नेछ

३. दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

४. ठेक्का स्विकृत पश्चात कवुल गरिएको रकमको कर सहित एकमुस्ट दाखिला गर्नुपर्नेछ ।सो नभएमा प्रथम किस्ता वापत कवुल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम सम्झौता गर्न आउँदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्ने छ । बाँकी ५० प्रतिशत रकम सम्झौता भएको १ महिना भित्र दाखिला गर्नु पर्नेछ र सो वापतको रकम नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको २०८४ श्रावण मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ ।

५. विक्रि एवं निकासी करको दर प्रति क्यूविक फिट रु ८ (अक्षेरुपी आठ मात्र) हुनेछ ।

६. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८. ठेकेदार र गाउँपालिका विच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा विहादी गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । दरभाउपत्र स्विकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन नियमावली लगायत प्रचलित ऐन नियमानुसारका शर्त तथा बन्देज पालना गर्नुपर्नेछ ।

९. घाटसम्म जाने बाटोको निकास आफै व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

१०. ढुंगा, रोडा, गिटी र बालुवा आदि उत्खनन र संकलन कार्यमा मेशिन प्रयोग गर्न पाइनेछ र बालश्रमको प्रयोग निषेध गरिएको छ । मजदुरको ज्यालाको हकमा गाउँपालिकाको दररेट कम नहुने गरी ज्याला दिनुपर्नेछ ।

११. आ.व. २०८३ /८४ का केहि महिना नेपाल सरकारको निर्णयले घाट बन्द भएमा कार्यसमयावधि सोहि बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोहि समयावधिमा विक्री गर्नु पर्नेछ । त्यसका लागि बोलपत्रदाताले कुनै क्षतिपुर्ति वा हर्जनाको माग गर्न पाउने छैन ।

१२. बोलपत्रका सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरि बुझ्न सकिनेछ । साथै विस्तृत विवरण बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

१३. बोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

१४. नियमानुसार असार १ देखि भाद्र मसान्त सम्म उत्खनन् र संकलन कार्य गर्न पाईने छैन । माथि उल्लेखित नभएका वा बाँझिएका शर्तहरु नेपाल सरकारवाट जारी भएको ढुंगा, रोडा, गिट्टी र बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ।

कमल बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत